# आर्थिक वर्ष २०८२/८३

# को

# बजेट वक्तव्य

पञ्चदेवल विनायक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विनायक, अछाम

२०८२

नगरसभामा भएको मितिः २०८२/०३/१५ गते

पञ्चदेवल विनायक नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशनमा २०८२ साल असार १५ गते आइतबारका दिन नगर उप-प्रमुख श्री हर्क बहादुर रावलले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/८३ को
# बजेट वक्तव्य

पञ्चदेवल विनायक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८२

www.panchadewalbinayakmun.gov.np

नगरसभाका आदरणिय अध्यक्षज्यू र नगरसभाका सदस्य ज्यूहरु,

१. यस गरिमामय सम्मानित नगरसभाको चौथौं अधिवेशनमा पञ्चदेवल विनायक नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाको लागि समय-समयमा भएका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र आन्दोलनहरुको नेतृत्व गर्नुहुने सबै अग्रज नेताहरुप्रति हार्दिक कृतज्ञता एवं उच्च सम्मान व्यक्त गर्दछु ।

३. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या, आर्थिक चुनौतीहरु र हाम्रो नगरपालिकामा समेत पर्ने प्रभावहरुलाई सम्बोधन हुने गरी आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेको छु । आम नगरवासी जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत र पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउनेतर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

४. आगामी बजेट नगरवासी जनताको समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न नै लक्षित हुनेछ । बेरोजगार युवाहरुलाई पालिकाभित्रै लघु उद्यमका सिप विकासमार्फत आर्थिक गतिविधिमा आबद्ध हुन प्रेरित गर्ने, उद्यमशिलता प्रवर्द्धन गरी गरीबि न्यूनिकरण गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तथा स्रोत र साधनको प्रभावकारी एवं परिणाममुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

५. बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्यका सूचकहरु, तीनै तहका सरकारका साझा अधिकारहरु, एकल अधिकारहरु, स्थानीय सरकारको वार्षिक नीति तथा कार्यक्रम र विषयगत समितिहरु लगायत कार्यपालिकाबाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । यसैगरी संघ र प्रदेशबाट प्राप्त मार्गदर्शन, स्थानीय राजनीतिक दल, संघ-संस्था, आम नागरिक, निजी क्षेत्र, सञ्चार जगत् लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा स्थानीय जनअपेक्षालाई सम्बोधन गर्नेगरी नगरवासीहरुमा आशा र भरोसा जगाउने विश्वास लिएको छु । यसका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, विकास साझेदार संघ-संस्था, निजी क्षेत्र, सञ्चार जगत र आम नगरवासी नागरिकहरुको सहयोग र ऐक्यवद्धताबाट बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

सभा अध्यक्षज्यू,
अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्षमा कुल विनियोजित बजेट रु. ५४ करोड ५८ लाख ७८ हजार २ सय ५८ रुपैया १८ पैसाको अर्थात विनियोजनको ७० प्रतिशत खर्च हुने अनुमान छ । कूल बजेट खर्च मध्ये चालु खर्च रु. ४२ करोड ६२ लाख ७१ हजार अर्थात विनियोजनको ८० प्रतिशत र पुँजिगत खर्च रु. ११ करोड ९६ लाख ७ हजार २ सय ५८ अर्थात विनियोजनको ६५ प्रतिशत खर्च हुने संसोधित अनुमान रहेको छ ।

- अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सामाजिक सुरक्षा, प्रशासनिक पूर्वाधार भवन निर्माण, लघु उद्यम कार्यक्रम र दिर्घ रोगी उपचार खर्चतर्फ गरी कुल विनियोजित बजेटको ८० प्रतिशत खर्च हुने अनुमान छ ।

- चालु आर्थिक वर्षमा राजश्व संकलन रु. १ करोड ३५ लाख हुने संसोधित अनुमान रहेकोमा रु. ८०,००,०००/- (असि लाख मात्र) संकलनको अनुमान रहेको छ । यो लक्ष्यको ५९.२५ प्रतिशतले संकलन हुने अनुमान छ । खासगरी राजश्व संकलनका लागि आवश्यक कानूनी जटिलता, नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा जनशक्तिको अभाव तथा करदाताहरुमा कर तिर्ने बानीको विकास हुन नसक्नु लगायतका विविध कारणले राजश्व संकलन कमजोर रहन गएको छ ।

**सभा अध्यक्षज्यू,**
अब म नगरपालिकाको बजेट प्रणालीमा देखिएका अवसर र चुनौती संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- संघीय व्यवस्थामा रहेका संरचनागत तथा केही नीतिगत कारणबाट नगरपालिकाको वित्तीय समानीकरण बजेट यस वर्ष पनि वृद्धि हुन सकेन र आगामी वर्षको सशर्त अनुदान बजेट समेत घटेर आएको छ ।

- वित्तीय समानीकरण अनुदान वृद्धि नहुँदा नगरपालिकाले लिएको विकास निर्माणको गति अर्थात पुँजिगत खर्च बढाउन सकेको छैन । तसर्थ, यस पटक आयोजनाको पूर्व तयारी र प्राथमिकिकरण गरी बजेट विनियोजन गर्ने प्रयास गरिएको छ ।

- चालु आर्थिक वर्षमा पनि राजश्व संकलन लक्ष्य भन्दा कम नै छ । राजश्व प्रणालीमा व्यापक सुधार, चुहावट नियन्त्रण र करको दायरा केही विस्तार गरी राजश्व परिचालन वृद्धि गर्नु पर्नेतर्फ निकै काम गर्नुपर्ने देखिन्छ ।

- पुँजिगत खर्च प्रतिशत बढाउन, गुणस्तरिय आयोजना निर्माण गर्न तथा सार्वजनिक प्रशासनलाई नतिजामुखि बनाउन दक्ष र पर्याप्त कर्मचारीको पुर्ति गर्न तथा योजनाहरुको कार्यसम्पादन व्यवस्थित गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।

- कर्णाली नदीमा रहेको ढुङ्गा, गिट्टी र बालुवा उत्खननका लागि IEE अद्यावधिकको काम सम्पन्न भैसकेकाले आन्तरिक राजश्व संकलनमा वृद्धि हुने विश्वास लिएको छु ।

- चालु खर्चलाई वाञ्छित सिमा भित्र राख्ने, दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यकासाथ बजेटमा सुधारको प्रस्ताव गरेको छु । यसबाट सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धिमुलक बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु ।

**सभा अध्यक्ष महोदय,**
माथि उल्लेखित चुनौती र अवसरलाई मनन गर्दै नगरपालिकामा रोजगारीका अवसर सिर्जना गर्ने, आर्थिक उत्पादन र सामाजिक पूर्वाधार निर्माण गरी नगरपालिकाको समग्र विकासको आधार तयार गर्नेतर्फ बजेट विनियोजनलाई जोड दिएको छु ।

**आर्थिक वर्ष २०८२/८३ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन:**

क. पूर्वाधारको निर्माण गर्ने,
ख. गुणस्तरिय शिक्षा, सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभुत गर्ने,
ग. रोजगारीका अवसर सिर्जना गरी गरीबी न्यूनीकरण गर्ने,
घ. चालु खर्चमा मितव्ययिता कायम गर्ने र सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धी गर्ने ।
ङ. युवाहरुलाई सूचना तथा प्रविधिमैत्री वातावरण सिर्जना गर्ने
च. खेलकुद पूर्वाधार निर्माण तथा विकास गर्ने

**बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छनः**

क. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
ख. मानव संशाधन विकास र रोजगारी सिर्जना,
ग. कृषि, पशु र लघु उद्यम क्षेत्रको विकास गर्ने,
घ. शुद्ध खानेपानीको पहुँच अभिवृद्धि गर्ने,
ङ. वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन गर्ने,
च. शिक्षा र स्वास्थ्यमा गुणस्तरियता अभिवृद्धि गर्ने ।

**सभा अध्यक्ष महोदय,**

अब म यस पञ्चदेवल विनायक नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को आय व्यय विवरण र बजेट विनियोजन प्रस्तुत गर्न गइरहेको छु ।

| आम्दानीतर्फ | | | | खर्चतर्फ | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | आयका शिर्षकहरु | बजेट रु. | | खर्चका शिर्षकहरु | बजेट रु. | |
| १ | संघीय सरकार - वित्तिय समानिकरण | ९४९०० | ९ करोड ४९ लाख | संघीय सरकार - सशर्त अनुदान (चालु) | २५४१०० | २५ करोड ४१ लाख |
| २ | संघीय सरकार - सशर्त अनुदान (चालु) | २५४१०० | २५ करोड ५४ लाख १० हजार | कार्यालय चालु खर्च | ९३३३०.१६९ | ९ करोड ३३ लाख ३० हजार १ सय ६९ |
| ३ | संघीय सरकार - सशर्त अनुदान (पुँजिगत) | ९००० | ९० लाख | न.पा. कार्यक्रम खर्च | २०२०० | २ करोड २ लाख |
| ४ | संघीय सरकार - विशेष अनुदान चालु | १६५०० | १ करोड ६५ लाख | समपुरक साझेदारी | १८००० | १ करोड ८० लाख |
| ५ | संघीय सरकार - समपुरक अनुदान पुँजिगत | २४८०० | २ करोड ४८ लाख | संघीय सरकार - सशर्त अनुदान (पुँजिगत) | ९००० | ९० लाख |
| ६ | संघीय सरकार - राजश्व बाँडफाँड | १०२८६९.१७९ | १० करोड २८ लाख ६९ हजार १ सय उनन्सत्तरी | संघीय सरकार - विशेष अनुदान चालु | १६५०० | १ करोड ६५ लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | प्रदेश सरकार - वितिय समानिकरण | ८४५७ | ८४ लाख ५७ हजार | संघीय सरकार - समपुरक अनुदान पुंजिगत | २४८०० | २ करोड ४८ लाख |
| ८ | प्रदेश सरकार - राजश्व बाँडफाँड | ४८९५ | ४८ लाख ९५ हजार | प्रदेश सरकार - विशेष अनुदान चालु | ६००० | ६० लाख |
| ९ | प्रदेश सरकार - विशेष अनुदान चालु | ६००० | ६० लाख | प्रदेश सरकार - विशेष अनुदान पुंजिगत | २५०० | २५ लाख |
| १० | प्रदेश सरकार - विशेष अनुदान पुंजिगत | २५०० | २५ लाख | प्रदेश सरकार - समपुरक अनुदान | १२००० | १ करोड २० लाख |
| ११ | प्रदेश सरकार - समपुरक अनुदान | १२००० | १ करोड २० लाख | प्रदेश सरकार - सशर्त अनुदान (पुंजिगत) | २००० | २० लाख |
| १२ | प्रदेश सरकार - सशर्त अनुदान (पुंजिगत) | २००० | २० लाख | नगरपालिका विषयगत शाखा तर्फ | ४८५०० | ४ करोड ८५ लाख |
| १३ | नगरपालिकाको आ.व. २०८२/८३ को आन्तरिक आय (अनुमानित) | १३५०० | १ करोड ३५ लाख | वडा कार्यालय तर्फ | ३२४४५ | ३ करोड २४ लाख ४५ हजार |
| | | | | अधुरा खानेपानी निर्माण र संघ संस्था साझेदारी | १२००० | १ करोड २० लाख |
| १४ | बैंक मौज्दात | १५००० | १ करोड ५० लाख | कार्यालय पुँजिगत खर्च | १५१४६ | १ करोड ५१ लाख ४६ हजार |
| जम्मा रु. | | ५६६५२११६९ | ५६ करोड़ ६५ लाख २१ हजार १ सय ६९ | जम्मा रु. | ५६६५२११६९ | ५६ करोड ६५ लाख २१ हजार १ सय ६९ |

१. आर्थिक विकासतर्फः

- ➢ उत्पादनमा आधारित कृषि कार्यक्रम, कृषकलाई न्यूनतम अनुदानमा मौसम अनुसारका उन्नत अन्न बालि, तरकारी बालि र फलफूलका बिरुवा साथै विषादी व्यवस्थापन गरी कृषकको घरमा कृषि प्राविधिक कार्यक्रम सञ्चालन गर्न, पशुजन्य महामारी रोग नियन्त्रण गर्न, पशु आहार व्यवस्थापन, उन्नत जातका पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरी नगरवासीको पोषणमा सुधार गर्न रु. २ करोड बजेट विनियोजन गरेको छु ।
- ➢ मिसन रोजगारी : दिगो रोजगारी र उद्यमशिलता प्रवर्द्धन अभियान र स्थानीय स्रोत सीप र सन्दर्भ अनुकुलन लघु तथा घरेलु उद्योग (स्टार्ट अप) प्रवर्धन गर्न रु १५ लाख बजेट विनियोजन गरेको छु ।

- लोकल मदिरा ब्रान्डिङ्ग कार्यलाई व्यवस्थित गर्न स्थानीय खाद्यन्न बालीको उत्पादन अभिवृद्धिका लागि मगर बस्तिमा उद्यम गर्ने किसानहरुलाई अनुदानको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**२. सामाजिक विकासतर्फः**

- सबै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षण सिकाइ सुधार कार्यक्रम सञ्चालन गर्न, विद्यालयहरुमा आवश्यक फर्निचर व्यवस्थापन गर्न, खेलकूद कार्यक्रमहरु सञ्चालन गर्न, स्थानीय पाठ्यक्रम निर्माण लगायत कक्षा ५ र ८ को परीक्षा सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- नगर खेलकूद विकास समिति गठन गरि खेलकूद क्षेत्रको विकास र नगर तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितका लागि आवश्यक पूर्वाधार निर्माण, खेलकूद कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्नको लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

- विद्यालयहरुमा बालबालिकाहरुको पोषण सुधार गर्नका लागि स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम अन्तर्गत रु. १ करोड ८८ लाख बजेट विनियोजन भएको छ ।

- विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन का लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

- कक्षा १ देखि १२ सम्म अध्ययनरत बिपन्न लक्षित छात्र/छात्रा, दलित विद्यार्थी र अपाङ्ग विद्यार्थीहरुको छात्रवृत्तिका लागि रु. ३३ लाख ३५ हजार बजेट विनियोजन गरेको छु ।
- पञ्चदेवल क्याम्पसमा स्नातक तह र अछाम बहुमुखि क्याम्पसमा स्नाकोत्तर तहमा अध्ययनरत छात्राहरुलाई छोरी बुहारी छात्रवृत्ति कार्यक्रम अन्तर्गतका छात्रवृत्ति प्रदानका लागि रु १० लाख विनियोजन गरेको छु ।
- विद्यालयमा अध्ययनरत छात्राहरुको सुरक्षित महिनावारी व्यवस्थित गर्न र विद्यालयहरुमा छात्राहरुको नियमित अध्ययन सहज बनाउन गुणस्तरिय स्यानिटरी प्याड व्यवस्थापनका लागि रु. १८ लाख ५८ हजार बजेट विनियोजन भएको छ ।
- नमूना विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- विद्यार्थी भर्ना अभिभावकको साथमा – निःशुल्क पाठ्यपुस्तक हातमा भन्ने नीतिलाई कार्यान्वयन गरी सहज रुपमा सबै विद्यालयहरुमा पाठ्यपुस्तक उपलब्ध गर्न रु. ५९ लाख ७ हजार बजेट विनियोजन गरेको छु ।
- शिक्षामा गुणस्तर हाम्रो प्रतिवद्धता अभियानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ६५ प्रतिशत शिकाई उपलब्धी हासिल गर्ने विद्यालयलाई प्रोत्साहनका लागि एकमुष्ट रु १ लाख दिने गरी रकम विनियोजन गरेको छु ।

- सबै स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि निःशुल्क रुपमा नगरपालिकाबाट प्रदान गरिँदै आएका ९८ प्रकारका औषधिहरुको आपुर्तिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- आमाहरुलाई संस्थागत सुत्केरी गराउन, स्वास्थ्य सेवामा सहज पहुँच पुर्याउन थप बर्थिङ्ग सेन्टर निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- स्वस्थ शहर निर्माण, वृद्ध वृद्धा संग नगर प्रमुख कार्यक्रम र स्वास्थ्य संस्थाहरुलाई डिजिटलाइजेसन लगायत कार्यक्रमका लागि रु ५६ लाख बजेट विनियोजन गरेको छ ।
- परिवार योजना सेवा, महिलाहरुको प्रजनन् रुग्णता स्वास्थ्य सेवा र किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालनका लागि रु. ३ लाख ५८ हजार बजेट विनियोजन गरेको छ ।
- मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।
- आमा समुहको बैठकलाई प्रभावकारी र व्यवस्थित बनाउन खाजा खर्चका लागि रु १३ लाख ६५ हजार विनियोजन गरेको छ ।
- अपाङ्ग संग उपप्रमुख कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायता सामग्री वितरण, क्षमता विकास कार्यक्रमका साथै ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुको उपचार खर्चका लाई निरन्तरता दिएको छ ।
- क वर्गका अपाङ्ग भएका परिवार तथा विपन्न परिवारहरुको लाई स्वास्थ्य बीमा अनुदान अन्तर्गत रु १० लाख बजेट विनियोजन गरेको छ ।
- महिला स्वास्थ्य स्वयंसेविका पोशाक प्रोत्साहन, यातायात खर्च, प्रोत्साहन भत्ता का लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका क्यान्सर रोगीहरु, मेरुदण्ड पक्षघातका बिरामीहरुलाई मासिक रु. ५ हजारका दरले औषधि उपचार खर्च, आमा तथा बच्चाको स्वास्थ्य सुधार कार्यक्रम र १५ महिना मुनीका बालबालिकाहरुलाई पूर्ण खोप दिन आवश्यक बजेट विनियोजन विनियोज गरेको छ ।
- क्षय तथा कुष्ठरोग उपचार व्यवस्थापन, स्वास्थ्य चौकीको न्यूनतम सेवा गुणस्तर सुधार तथा स्वास्थ्य संस्थाबाट दिने सम्पूर्ण उपचारात्मक सेवाका साथै बालरोग उपचार व्यवस्थापन र पाठेघर क्यान्सर, आँखाको निःशुल्क स्वास्थ्य शिविर सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- आर्थिक रुपमा कमजोर, बिपन्न, गरीब र जटिल प्रकृतिका बिरामीहरुको उपचार खर्च स्वरुप राहत प्रदान गर्न रु. २५ लाख बजेट विनियोजन गरेको छ ।
- बालविवाह, बहुविवाह, बालश्रम, महिला हिंसा, लैंगिक विभेद, जातिय छुवाछुत र छाउपडी कुप्रथा जस्ता सामाजिक विकृतीहरु न्युनिकरण गरी लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई बलियो बनाउनका लागि विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न, आवश्यक बजेट विनियोजन गरेको छ ।
- सुनौला एक हजार दिनका आमा, बालबालिका र किशोरीहरुको पोषण सुधार सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रममार्फत रु. ३३ लाख ७५ हजार बजेट विनियोजन गरेको छ ।

- स्थानीय मेला, पर्व, कला, संस्कृति संरक्षण, नगर स्थापना दिवश र सामाजिक अपराध न्यूनिकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

३. <u>पूर्वाधार विकासतर्फ:</u>

- एतिहासिक सम्पदा पञ्चदेवल क्षेत्र, चेलखेत पुलको सरसफाई र पर्यटकीय स्थलको प्रचार प्रसार र होर्डिङ्ग बोर्डका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- सडक नपुगेका ग्रामिण बस्तिहरुलाई सडक सञ्जालमा जोडन आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- अधुरा रहेका खानेपानी आयोजना निर्माण तथा दातृ निकायसंग साझेदारी गर्ने गरी नयाँ खानेपानी आयोजना निर्माणका गर्न रु १ करोड २० लाख बजेट विनियोजन गरेको छ ।
- पञ्चदेवल विनायक नगरपालिका अन्तर्गत जनसङ्ख्या, भौगोलिक विकटता, राजश्व संकलन लगायतका विषयलाई आधार बनाउँदै १ देखि ९ वटै वडाहरुको पुँजिगत खर्चका लागि रु. ३ करोड २४ लाख ४८ हजार बजेट विनियोजन गरेको छ र सबै वडा कार्यालयहरुको प्रशासनिक चालु खर्चतर्फ प्रति वडा रु. ३ लाखका दरले रु. २७ लाख विनियोजन गरेको छ ।
- कुईका स्वास्थ्य चौकी र तोली स्वास्थ्य चौकीको भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- नगरभित्रका वडा कार्यालयसम्म वर्षैभरी नियमित सडक सञ्चालन गर्न सडक स्तरोन्नतीका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

४. <u>वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ:</u>

- नगरपालिकामा सम्भावित विपद् जोखिम न्यूनिकरणका लागि तत्काल राहत, उद्धार र पुनर्स्थापना गर्नका लागि रु. २० लाख बजेट विनियोजन गरेको छ ।

५. <u>सेवा प्रवाह र सुशासन तथा संस्थागत विकासतर्फ:</u>

- नगरपालिकाको सेवा प्रवाह, सुशासन, संस्थागत विकास र क्षमता विकास लगायत प्रशासनिक खर्चतर्फ रु. ९ करोड ३३ लाख ३० हजार बजेट विनियोजन गरेको छ ।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र सूचना प्रविधिमैत्री बनाई सरल र सहज रुपमा सेवा प्रदान गर्न कार्यालयको भौतिक तथा संस्थागत सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

बजेट तर्जुमाको क्रममा यस नगरसभा समक्ष पेश गरेका उद्देश्य र प्राथमिकतामा गहन छलफल गरी सुझाव प्रदान गर्नु भएकोमा नगरसभा सदस्यज्यूहरुप्रती आभार व्यक्त गर्दछु । साथै बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने राजनीतिक दल, समाजसेवी, राष्ट्रसेवक कर्मचारी तथा आम नगरवासीप्रती हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

*हाम्रो रहर, सुन्दर, सभ्य र समृद्ध नगर* भन्ने हाम्रो नगरको नारालाई साकार रुप दिनका साथै आर्थिक तथा सामाजिक विकास मार्फत समुन्नत नगर निर्माण गर्ने उद्देश्यका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वाश लिएको छु ।

**धन्यवाद ।**

**नमस्कार । जय नेपाल ।**